# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) राप्ती उपत्यका (देउखुरी), नेपाल जेठ १८ गते, २०८३ साल (अतिरिक्ताङ्क ४

## भाग १

## लुम्बिनी प्रदेश सरकार

## प्रदेश प्रमुखको कार्यालयको

## सूचना

नेपालको संविधान बमोजिम लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८३ सालको ऐन नं. ०४

# लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न बनेको विधेयक

**प्रस्तावना:** सक्षम एवम् सुदृढ प्रदेश निर्माण गरी जनतालाई सरल, सहज र प्रभावकारी सेवा प्रदान गर्नको लागि प्रदेश तथा स्थानीय तहका निर्वाचित वा मनोनीत पदाधिकारी, सरकारी निकाय तथा सार्वजनिक एवम् सङ्गठित संस्थामा कार्यरत कर्मचारी तथा पदाधिकारीको लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने तथा सङ्घीयता, स्वशासन र विकास व्यवस्थापन सम्बन्धी कार्यमूलक अनुसन्धान कार्य सञ्चालन गर्ने उद्देश्यले अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम "**लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०८२**" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**अध्यक्ष**" भन्नाले परिषद्को अध्यक्ष सम्झनु पर्छ।

(ख) "**कार्यकारी निर्देशक**" भन्नाले दफा ८ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ग) "**परिषद्**" भन्नाले दफा ६ बमोजिमको लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण परिषद् सम्झनु पर्छ।

(घ) "**प्रतिष्ठान**" भन्नाले दफा ३ बमोजिमको लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ।

(ङ) "**प्रदेश सरकार**" भन्नाले लुम्बिनी प्रदेश सरकार सम्झनु पर्छ।

(च) "**सदस्य**" भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ।

(छ) **"सार्वजनिक संस्था"** भन्नाले नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेको संस्थान, कम्पनी, बैङ्क, समिति वा सङ्घीय कानुन वा प्रदेश कानुन बमोजिम स्थापित वा नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था सम्झनु पर्छ।

(ज) **"सङ्गठित संस्था"** भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका सङ्गठित संस्था सम्झनु पर्छ।

३. <u>प्रतिष्ठानको स्थापना</u>: (१) लुम्बिनी प्रदेशमा एक लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान रहनेछ।

(२) प्रतिष्ठानको कार्यालय लुम्बिनी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको स्थानमा रहनेछ।

४. <u>प्रतिष्ठान सङ्गठित संस्था हुने</u>: (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ र यसले कानुनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) प्रतिष्ठानले कानुनी व्यक्तिको हैसियतले प्रचलित कानुन बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्न सक्नेछ।

५. <u>प्रतिष्ठानको काम, कर्तव्य र अधिकार</u>: प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सभाको सभामुखसँगको परामर्शमा प्रदेश सभाका सदस्यहरुको लागि विभिन्न अध्ययन, अनुसन्धान, गोष्ठी, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

(ख) गाउँ सभा तथा नगर सभाका सदस्यहरुलाई आवश्यकता अनुसार प्रशिक्षण दिने,

(ग) सरकारी निकाय तथा सार्वजनिक एवम् सङ्गठित संस्थामा कार्यरत कर्मचारी तथा पदाधिकारीको लागि विषय क्षेत्रगत व्यावसायिक ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्न प्रशिक्षण कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(घ) प्रदेश निजामती सेवा तथा स्थानीय सेवा र अन्य सरकारी सेवाका कर्मचारीका लागि सेवा प्रवेश, सेवाकालीन तथा पुनर्ताजगी लगायतका तालिम कार्यक्रम सञ्चालन गर्ने,

(ङ) प्रदेश सरकारले अन्तर-सरकार समन्वय गर्नुपर्ने विषय तथा अन्य सान्दर्भिक सवालमा अध्ययन तथा अनुसन्धान गरी सो सम्बन्धी प्रतिवेदन प्रदेश सरकार समक्ष पेस गर्ने,

(च) प्रदेश सरकार र स्थानीय तहको प्रशासनिक एवम् व्यावसायिक क्षमतालाई थप सबल, सक्षम तथा प्रभावकारी बनाउन आवश्यक अध्ययन, अनुसन्धान तथा अन्य कार्यक्रम सञ्चालन गर्ने,

(छ) प्रतिष्ठानले विभिन्न तालिम, खोज अनुसन्धान मूलक कार्य तथा विभिन्न अध्ययन अनुसन्धान सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(ज) प्रदेश सरकारका विभिन्न मन्त्रालयका लागि तालिम आवश्यकताको मूल्याङ्कन गर्ने र प्रदेश सभाका सदस्यहरुसँग सहकार्य गरी कानुन निर्माणका लागि अनुसन्धानमा सहयोग गर्ने,

(झ) विश्वविद्यालयहरुसँग सहकार्य गरि सार्वजनिक सेवाको क्षमता अभिवृद्धि तथा शासन सुधार सम्बन्धी अध्ययन र प्रदेश सरकारको प्राथमिकताका क्षेत्रहरुमा अनुसन्धान गर्ने र नीति निर्माणको लागि प्रदेश सरकार तथा सम्बन्धित मन्त्रालयमा अनुसन्धान प्रतिवेदन पेस गर्ने,

(ञ) प्रदेश सरकार तथा स्थानीय तहलाई आवश्यक विषयमा प्राविधिक, परामर्श र विशेषज्ञ सेवा प्रदान गर्ने,

(ट) प्रशिक्षणको पाठ्यक्रम तथा वार्षिक कार्यतालिका तयार गरी कार्यान्वयन गर्ने,

(ठ) प्रदेशस्तरमा सञ्चालित अन्य विषय क्षेत्रगत तालिम केन्द्रसँग आवश्यक समन्वय गर्ने,

(ड) प्रशिक्षण तथा अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन अन्य स्वदेशी तथा विदेशी प्रशिक्षण संस्थासँग समन्वय र सहकार्य गर्ने।

तर विदेशी प्रशिक्षण संस्थासँग समन्वय र सहकार्य गर्दा प्रदेश सरकार

मार्फत् नेपाल सरकारसँग स्वीकृति लिनु पर्नेछ।

६. **परिषद्को गठनः** (१) प्रतिष्ठानको सर्वोच्च निकायका रूपमा देहाय बमोजिमको एक लुम्बिनी अनुसन्धान तथा प्रशिक्षण परिषद् रहनेछः-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) प्रदेश सरकारको प्रमुख सचिव वा निजले तोकेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव -सदस्य

(ग) अध्यक्ष, प्रदेश लोक सेवा आयोग वा निजले तोकेको सो आयोगको सदस्य -सदस्य

(घ) उपाध्यक्ष, प्रदेश योजना आयोग -सदस्य

(ङ) अध्यक्षले तोकेको प्रदेशस्तरीय विश्वविद्यालयको उपकुलपति एक जना -सदस्य

(च) लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष वा उपाध्यक्षहरूमध्येबाट भौगोलिक विविधता तथा समावेशिताको आधारमा अध्यक्षले मनोनित गरेका एक जना महिला सहित दुई जना -सदस्य

(छ) कानुन सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ज) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(झ) सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालय -सदस्य

(ञ) कार्यकारी निर्देशक -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(३) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक बस्नेछ।

(४) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) सदस्य-सचिवले अध्यक्षको निर्देशन बमोजिम बैठक बस्ने सूचना र कार्यसूची बैठक बस्नुभन्दा कम्तीमा तीन दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. **परिषद्को काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण, अध्ययन तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने,

(ख) प्रतिष्ठानको विनियम, कार्यविधि तथा निर्देशिका स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको रणनीतिक योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रम तथा सो को कार्यान्वयन कार्ययोजना स्वीकृत गर्ने,

(ङ) प्रतिष्ठानको वार्षिक प्रगति समीक्षा एवम् मूल्याङ्कन गर्ने,

(च) प्रशिक्षणको लागि आवश्यक पाठ्यक्रम स्वीकृत गर्ने,

तर परिषद्ले छोटो अवधि (एक हप्तासम्म)को प्रशिक्षणको लागि आवश्यक पर्ने पाठ्यक्रम कार्यकारी निर्देशकबाट स्वीकृत हुने गरी तोक्न सक्नेछ।

(छ) कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिने।

८. **कार्यकारी निर्देशक र निजको नियुक्ति तथा सेवाका शर्तहरुः** (१) प्रतिष्ठानको प्रशासकीय प्रमुखको रूपमा एक जना कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशकको नियुक्ति देहाय बमोजिमको सिफारिस समितिको सिफारिसमा प्रदेश सरकारबाट हुनेछः-

(क) सचिव, प्रशासन महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संयोजक

(ख) परिषद्को अध्यक्षले तोकेको विषय विज्ञ एक जना - सदस्य

(ग) सचिव, प्रदेश लोक सेवा आयोग - सदस्य

(घ) कानुन सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(३) उपदफा (२) बमोजिमको समितिले कार्यकारी निर्देशकको पदपूर्तिको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्नेछ।

(४) समितिले दफा (९) बमोजिम योग्यता पुगेका उम्मेदवारहरूमध्ये निजहरूको शैक्षिक योग्यता र अनुभव, व्यावसायिक कार्ययोजना, प्रस्तुतीकरण र अन्तरवार्ताको आधारमा सबै भन्दा बढी अङ्क प्राप्त गर्ने बढीमा तीन जना उम्मेदवारको नाम कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि प्रमुख सचिव मार्फत प्रदेश सरकार समक्ष सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम उम्मेदवारको मूल्याङ्कनका लागि समितिले आवश्यक विधि वा मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिम दरखास्त आह्वान गर्दा दफा (९) बमोजिम रीत पूर्वक योग्यता पुगेका तीन जना उम्मेदवारको दरखास्त प्राप्त नभएमा उपदफा (२) बमोजिमको समितिले यस अघि प्राप्त दरखास्तलाई यथावत राखी पुनः सात दिनको सूचना मार्फत कार्यकारी निर्देशकको पदपूर्तिको लागि थप दरखास्त आह्वान गर्नु पर्नेछ। यसरी पुनः प्रकाशित सूचनाबाट समेत तीन जना उम्मेदवारको दरखास्त प्राप्त नभएमा सिफारिस प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन।

(७) यस दफा बमोजिम नियुक्त कार्यकारी निर्देशकले नियुक्ति भएको तीस दिनभित्र प्रदेशका प्रमुख सचिवसँग कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ र त्यस्तो सम्झौतामा निजको पदावधिमा सम्पन्न गर्नुपर्ने कार्यको विवरण समेत उल्लेख गर्नु पर्नेछ।

(८) प्रतिष्ठानको कामकारवाही तथा कार्य प्रगतिका सम्बन्धमा कार्यकारी निर्देशक प्रमुख सचिव मार्फत् प्रदेश सरकारप्रति जवाफदेही हुनेछ।

(९) कार्यकारी निर्देशकको पदावधि नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ।

तर उपदफा (७) बमोजिमको कार्य सम्पादन सन्तोषजनक नभएमा प्रदेश सरकारले जुनसुकै बखत हटाउन सक्नेछ। त्यसरी पदबाट हटाउँदा निजलाई सफाइको मनासिव मौका दिनु पर्नेछ।

(१०) कार्यकारी निर्देशकको पारिश्रमिक र सेवा सुविधा प्रदेश निजामती सेवाको एघारौं तहको अधिकृत कर्मचारी सरह हुनेछ।

(११) उपदफा (२) बमोजिमको सिफारिस समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको कर्मचारी प्रशासन तथा कर्मचारी वैयक्तिक विवरण (पि.आई.एस.) शाखामा रहनेछ।

९. **कार्यकारी निर्देशकको योग्यताः** (१) देहाय बमोजिमको योग्यता पुगेको कुनै नेपाली नागरिकलाई कार्यकारी निर्देशकमा नियुक्त गर्न सकिनेछः-

(क) पैंतीस वर्ष उमेर पूरा भई पैंसठ्ठी वर्ष उमेर ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कानुन, जनप्रशासन, व्यवस्थापन, विकास प्रशासन, इञ्जिनियरिङ्ग, लेखा, राजस्व, विज्ञान प्रविधि, शिक्षा वा समाजशास्त्रमा स्नातकोत्तर उपाधि प्राप्त गरी उच्च व्यवस्थापकीय पदमा पाँच वर्ष सहित कम्तीमा दश वर्षको अनुभव भएको,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि **"उच्च व्यवस्थापकीय पद"** भन्नाले सार्वजनिक संस्थामा वा अन्य संस्थामा कम्तीमा प्रदेश निजामती सेवाको एघारौं तह वा सो सरहको व्यवस्थापकीय पद भन्ने सम्झनु पर्छ।

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(घ) प्रचलित कानुन बमोजिम दामासाहीमा नपरेको,

(ङ) स्थायी आवासीय अनुमति (डिभी वा पीआर) का लागि आवेदन नगरेको र नलिएको।

(२) उपदफा (१) को खण्ड (ग), (घ) र (ङ) को हकमा निजले स्व-घोषणा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निजले गरेको स्वघोषणा झुठा ठहरिएमा प्रदेश सरकारले निजलाई कार्यकारी निर्देशकको पदमा नियुक्त हुनको लागि अयोग्य घोषित गर्न वा पदबाट हटाउन सक्नेछ।

१०. कार्यकारी निर्देशकको पद स्वतः रिक्त हुनेः देहायको अवस्थामा कार्यकारी निर्देशकको पद स्वतः रिक्त हुनेछः

(क) निजले आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) निजलाई दफा ८ को उपदफा (९) तथा दफा ९ को उपदफा (३) बमोजिम पदबाट हटाइएमा,

(घ) दफा ९ बमोजिमको योग्यता नरहेमा,

(ङ) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(च) निजको मृत्यु भएमा।

११. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद्को निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको रणनीतिक योजना र वार्षिक कार्यक्रम तथा बजेटको मस्यौदा तयार गरी स्वीकृतिका लागि परिषद् समक्ष पेस गर्ने,

(ग) प्रतिष्ठानको स्वीकृत दीर्घकालीन रणनीतिक योजना र बार्षिक कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने,

(घ) प्रदेश र स्थानीय तहका निर्वाचित वा मनोनित पदाधिकारी, सरकारी निकाय तथा सार्वजनिक एवम् सङ्गठित संस्थामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्न अन्तरक्रिया, प्रशिक्षण, अभिमुखीकरण तथा छलफल कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ङ) प्रतिष्ठानको प्रगति विवरण मासिक रुपमा परिषद्मा पठाउने,

(च) प्रतिष्ठानको लेखा उत्तरदायी अधिकृतको रूपमा काम गर्ने,

(छ) प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, गराउने,

(ज) प्रतिष्ठानले सञ्चालन गर्ने प्रशिक्षणको पाठ्यक्रम, प्रशिक्षण सामग्री, वार्षिक कार्यतालिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रशिक्षण संस्थासँग अनुबन्धित कार्यक्रम तथा अन्य सहयोग सम्बन्धमा सम्बन्धित पक्षसँग आवश्यक छलफल गरी स्वीकृतिका लागि परिषद् समक्ष पेस गर्ने,

(झ) प्रतिष्ठानमा कार्यरत कर्मचारीको कामको सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिने,

(ञ) प्रतिष्ठानका लागि सङ्गठन र व्यवस्थापन सम्बन्धी अध्ययन गरी आवश्यक कर्मचारी दरबन्दी स्वीकृत गर्न परिषद् मार्फत् प्रदेश सरकार समक्ष पेस गर्ने,

(ट) प्रशिक्षणलाई कार्यमूलक तथा व्यवहारिक बनाउन विभिन्न क्षेत्रका अनुभवी विज्ञ व्यक्तिको सेवा अद्यावधिक रूपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने,

(ठ) सुशासन, विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन अन्तर-सरकारी सम्बन्ध, समन्वय, द्विपक्षीय एवम् बहुपक्षीय साझेदारी तथा देशभित्र तथा बाहिरका विश्वविद्यालय, प्रतिष्ठान तथा सङ्घसंस्थासँग सहकार्य प्रवर्द्धन गर्ने,

(ड) प्रतिष्ठानको भौतिक, मानवीय तथा आर्थिक स्रोत साधनको व्यवस्थापनका लागि सहजीकरण गर्ने,

(ढ) स्वीकृत वार्षिक कार्यक्रम बमोजिम अध्ययन अनुसन्धान कार्य गर्ने गराउने,

(ण) प्रतिष्ठानको नाममा रहेको चल अचल सम्पत्तिको लगत राखी संरक्षण गर्ने, गराउने,

(त) परिषद्ले तोकेका अन्य काम गर्ने, गराउने।

१२. प्रतिष्ठानमा रहने कर्मचारीः (१) प्रतिष्ठानमा आवश्यकता अनुसार देहाय बमोजिमका विषय र क्षेत्रसँग सम्बन्धित कर्मचारी रहनेछन्ः-

(क) प्रशिक्षण तथा पाठयक्रम विकास,

(ख) अध्ययन, अनुसन्धान तथा परामर्श,

(ग) प्रशासन तथा व्यवस्थापन सम्बन्धी ।

(२) उपदफा (१) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीको स्थायी पदपूर्ति प्रदेश लोक सेवा आयोगको सिफारिसमा मात्र हुनेछ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमका कर्मचारी स्थायी पदपूर्ति नभएसम्मको लागि प्रतिष्ठानले प्रचलित कानुनको अधीनमा रही सेवा करारमा लिन सक्नेछ।

तर प्रशासन तथा व्यवस्थापन सम्बन्धी कर्मचारी स्थायी पदपूर्ति नभएसम्मको लागि प्रदेश सरकारले खटाउनेछ।

(४) उपदफा (१) बमोजिमका प्रतिष्ठानमा रहने कर्मचारीको पद र सङ्ख्या प्रदेश सरकारले स्वीकृत गरेको सङ्गठन र व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम हुनेछ।

(५) प्रतिष्ठानका कर्मचारीको सेवाका शर्त र सुविधा समान तहको प्रदेश सरकारको कर्मचारी सरह हुनेछ।

१३. <u>प्रतिष्ठानको कोषः</u> (१) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार र अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य स्वरूप प्राप्त रकम,

(घ) परामर्श सेवा, प्रशिक्षण एवम् अनुसन्धान कार्य गरे बापत प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नुअघि प्रतिष्ठानले प्रदेश सरकार मार्फत् नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) कोषमा प्राप्त सबै रकम कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(४) प्रतिष्ठानको प्रशासनिक लगायत आफ्नो उद्देश्य अनुरूपको कार्य सञ्चालन गर्नको लागि चाहिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) प्रतिष्ठानलाई जुन कार्यक्रम वा प्रयोजनका लागि रकम प्राप्त भएको हो सो रकम सोही कार्यक्रम वा प्रयोजनका लागि खर्च गर्नु पर्नेछ।

(६) प्रतिष्ठानको कोषको खाता कार्यकारी निर्देशक वा निजले तोकेको प्रतिष्ठानको अधिकृत कर्मचारी र आर्थिक प्रशासन शाखाको प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ।

(७) प्रतिष्ठानको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

१४. **लेखा र लेखापरीक्षणः** (१) प्रतिष्ठानको आय-व्ययको लेखा महालेखापरीक्षकले तोकेको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हुनेछ।

(३) प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(४) लेखा र लेखापरीक्षण सम्बन्धी अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

(५) प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रतिष्ठानको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र नगदी जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

१५. **पाठ्यक्रमः** (१) प्रतिष्ठानले प्रशिक्षणको लागि आवश्यक पर्ने प्रशिक्षण पाठ्यक्रम तयार गर्नु पर्नेछ र यस कार्यको लागि आवश्यकता अनुसार पाठ्यक्रम तयारी समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको पाठ्यक्रम परिषद्बाट स्वीकृत गराउनु पर्नेछ।

१६. **अधिकार प्रत्यायोजनः** (१) परिषद्ले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारहरूमध्ये केही अधिकार प्रतिष्ठानको अन्य कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर उपदफा (१) बमोजिम प्रत्यायोजन भई कार्यकारी निर्देशकलाई प्राप्त अधिकारहरू प्रत्यायोजन गर्न सकिने छैन।

१७. **वार्षिक प्रतिवेदन पेस गर्नेः** (१) प्रतिष्ठानले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन प्रमुख सचिव मार्फत प्रदेश सरकार समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानको वार्षिक नीति, योजना र प्रतिष्ठानबाट एक आर्थिक वर्षमा भएका प्रमुख कार्य र कार्यक्रमको कार्यान्वयनको स्थिति, उपलब्धि र खर्चको विवरणसमेत उल्लेख गर्नु पर्नेछ।

१८. **प्रदेश सरकारसँग सम्पर्कः** (१) प्रतिष्ठानले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत् राख्नु पर्नेछ।

(२) प्रतिष्ठानले आफ्नो कामसँग सम्बन्धित प्रदेश सरकारका अन्य संस्था तथा प्रशिक्षण केन्द्रसँग आवश्यक सम्पर्क र समन्वय गर्न सक्नेछ ।

१९. **शपथ लिनुपर्नेः** दफा ६ को उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिमका सदस्य र कार्यकारी निर्देशकले कार्यभार सम्हाल्नु अघि मुख्यमन्त्री समक्ष तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

२०. **उत्तर विधायिकी परीक्षणः** यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ऐन कार्यान्वयनको परीक्षण गर्नु पर्नेछ र सोको प्रतिवेदन प्रदेश सभाको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ।

२१. **नियम तथा विनियम बनाउने अधिकारः** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न परिषद्ले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले प्रदेश लोक सेवा आयोगको परामर्शमा कर्मचारी प्रशासन र आर्थिक मामिला विषय हेर्ने मन्त्रालयको परामर्शमा आर्थिक कार्यविधि सम्बन्धमा आवश्यक विनियम बनाउन सक्नेछ।

२२. **कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः** परिषद्ले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न अवश्यकता अनुसार कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

२३. **बचाउः** प्रदेश सुशासन केन्द्रले सञ्चालन गरेको प्रशिक्षणसँग सम्बन्धित काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

२४. **सम्पत्ति तथा दायित्व सर्नेः** प्रदेश सुशासन केन्द्रको सम्पत्ति तथा दायित्व यस ऐन बमोजिम स्थापित प्रतिष्ठानमा सर्नेछ।

आज्ञाले,

सुशीला अर्याल
प्रदेश सरकारको सचिव

---

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।
मूल्य रु. १५।-